attitude
is everything

# पहुँच अनलाईनबाट सुरू हुन्छ

कार्यक्रम स्थलको पहुँचयुक्तताबारे जानकारी दिने पुस्तिका

नेपाली संस्करण

BRITISH COUNCIL
Supported using public funding by ARTS COUNCIL ENGLAND

# Attitude is Everything का बारेमा

Attitude is Everything युके मा अवस्थित, अपाङ्गता भएका व्यक्तिहरूले नेतृत्व गरेको संस्था हो, जसले सन् २००० देखि नै युकेको सङ्गित उद्योगलाई सहयोग गर्दै आएको छ । हामीसँग सयौँ बहिरा तथा अन्य अपाङ्गता भएका व्यक्तिहरू स्वयंसेवकका रूपमा आवद्ध हुनुहुन्छ, जो बिभिन्न साङ्गितिक कार्यक्रममा गुपचुप सहभागी हुनुहुन्छ र आफ्नो अनुभव  हामीलाइ सुनाउनुहुन्छ । अनि हामी तिनैका आधारमा सुधारका सुझावहरू तयार गर्छौं ।

हामीले युके भरका सयौँ कार्यक्रम आयोजना हुने स्थल तथा साङ्गितिक महोत्सवसँग सहकार्य गरेर उनीहरूलाई थप अपाङ्गता मैत्री बनाउन सहयोग गरेका छौँ ।

हामी ठुला वा साना साङ्गितिक महोत्सव तथा कार्यक्रम स्थलहरूलाई हामीले तयार गरेको असल अभ्यासहरू प्रति प्रतिबद्धता जाहेर गर्न प्रोत्साहन गर्छौं, जसले गर्दा उनीहरूलाई सकेसम्म समावेशी हुन सहयोग पुग्छ ।

# "पहुँच अनलाईनबाट सुरू हुन्छ" का बारेमा

पहुँच अनलाईनबाट सुरू हुन्छ अभियानको उद्देश्य भनेको कार्यक्रम स्थल तथा महोत्सवहरूलाई आफ्नो कार्यक्रममा सहभागी हुनसक्ने सम्भावित अपाङ्गता भएका तथा बहिरा दर्शकहरूका लागि विस्तृत र स्पष्टरूपमा पहुँच बारेको सुचना प्रदान गर्न सक्षम बनाउनु रहेको छ ।

सन् २०१६ मा हामीले गरेको पहुँच सम्बन्धी अध्ययनमा युकेमा रहेका ५२% कार्यक्रम स्थल र महोत्सवहरूले पहुँचको सुचना प्रदान नगरेको वा गरेको भएपनि न्यून महत्व दिएको पाईएपछि यो अभियान सुरू गरिएको हो ।

सन् २०१६ को पहुँचको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन पढ्नको लागि निम्न लिङ्कमा जानुहोला : www.attitudeiseverything.org.uk/soar www.attitudeiseverything.org.uk/soar

कार्यक्रम स्थल तथा सभाहलहरूले अपाङ्गता भएका तथा बहिरा व्यक्तिलाई गुणस्तरीय सुचना प्रदान गर्न सकुन भनेर यो मार्गदर्शक पुस्तिकाको विकास गरिएको हो ।

### पहुँच बारेको सुचना कहाँ राख्ने?

पहुँचको सुचनाहरू कुनै पनि कार्यक्रमको लागि तयार गरिएको वेबसाईटमा छुट्टाईएको निश्चित पृष्ठमा राख्दा राम्रो हुन्छ  । तर सो पृष्ठ वेबसाईटको गृहपृष्ठ बाट पनि सजिलै भेटिने हुनुपर्छ ।



# पहुँचयुक्तता सम्बन्धी जानकारीमा के के समावेश गर्ने?

### १. परिचय

- महोत्सवका तर्फबाट अपाङ्गता भएका तथा बहिरा दर्शकहरूका लाई स्वागत गर्ने १-२ वाक्य ।

परिचय खण्डको प्रयोग गरेर तपाईले आफ्नो महोत्सव सके सम्म सबैका लागि समावेशी हुन प्रतिवद्ध रहेको जानकारी गराउन सक्नुहुन्छ ।

### २. सम्पर्क विवरण

- सम्पर्कका लागि तोकिएको व्यक्तिको नाम र भुमिका - जस्तै- पहुँच अधिकारी
- ईमेल
- फोन
- हुलाक ठेगाना
- जवाफ दिन लाग्न सक्ने सम्भावित समय

सम्पर्क व्यक्तिको जानकारी दिदाँ भरसक नाम नै तोकेर दिने प्रयास गर्नुहोस् । र सो व्यक्तिलाई पहुँच सम्बन्धी सबै सुचना व्यस्थापनको लागि जिम्मेवारी दिनुहोस् ।  यसो गर्दा ग्राहकलाई ढुक्क हुनुका साथै कुनै निश्चित आवश्यकताका बारेमा लामै छलफल भएको खण्डमा पनि एकै व्यक्तिसँग मात्रै कुराकानीको क्रम हुने भएकाले दुवै पक्षलाई सजिलो हुन्छ ।  साथै पहुँचका बारे छलफल गर्न info@ जस्तो सबैतिर प्रयोग हुने ईमेल भन्दा यसै विषयको लागि तयार गरिएको access@ जस्तो ईमेलको प्रयोग गर्नुहुन अनुरोध छ ।  यदि तपाईं फोन नम्बर प्रदान गर्न असमर्थ हुनुहुन्छ भने, ग्राहकलाई चाहि फोन नम्बर प्रदान गर्न अनुरोध गर्नुहोस्, ताकी तपाईंले पछि कल ब्याक गर्न सक्नुहोस् ।  यदि पहुँच सम्बन्धी कुनै सुविधाहरूको उपभोग गर्न वा बुक गर्न कुनै प्रमाण (जस्तै अपाङ्गता परिचयपत्र आदि) आवश्यक पर्छ भने, त्यसता कागजात प्राप्त गर्न हुलाक ठेगाना आवश्यक हुन सक्छ ।  ग्राहकहरूका पहुँच सम्बन्धी प्रश्नहरू बढिमा ५ दिन भित्र जवाफ दिईसक्नुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

### ३. पहुँच सम्बन्धी सबै सुचनाहरूको डाउनलोड लिङ्क

- वर्ड फाईलमा पहुँच सम्बन्धी सबै सुचनाहरू राखेर त्यसको डाउनलोड लिङ्क प्रदान गर्नुहोस्

यसो गर्नाले धेरै व्यक्तिहरूलाई सहज हुन्छ, विशेषगरी स्क्रिन रिडर सफ्टवेयरको प्रयोग गरेर कम्प्युटर चलाउने दृष्टिविहिन व्यक्तहरूलाई, किनभने उनीहरूले एकपटक डाउनलोड गरेर सबै सुचना पाउँछन् र सुचनाको लागि वेबसाईटको बिभीन्न पृष्ठमा घुमिराख्न पर्दैन ।

### ४. कार्यक्रम स्थलको जानकारी

- मुख्य सडकबाट टिकट घर, शौचालय र प्रस्तुति अवलोकन गर्न ठाउँ सम्म कुनै खुड्किला नचढि पुग्न सकिने अवस्था छ कि छैन भनेर उल्लेख गर्नुहोस् ।
- यदि सो स्थानहरू सम्म पुग्न खुड्किलाको प्रयोग गर्नै पर्ने हुन्छ भने, कति वटा खुड्किला छन् र त्यहाँ चढ्नु पर्ने हो कि ओर्लनु पर्ने हो भनेर पनि उल्लेख गर्नुहोस् ।
- यदि कुनै अस्थायी ह्विलचियर र्याम्प वा वैकल्पिक प्रवेशद्वारको प्रयोग गरिनेछ भने त्यसको बारेमा थप जानकारी दिनुहोस् ।

यस्तो जानकारीले सम्भावित ग्राहकहरूलाई टिकट किन्न र कार्यक्रममा सहभागिता जनाउनको लागि आवश्यक योजना बनाउन सहयोग गर्छ । यदि यी सुचनाहरू सहि ढङ्ग बाट प्रदान गर्न सकियो भने, महोत्सवको बेलामा ग्राहकहरूका प्रश्नहरू कम हुनुका साथै र व्यस्थापन गर्न सकिने किसिमका हुन्छन् ।

## ५. बुक गर्न मिल्ने पहुँचका सुविधाहरू

- व्यक्तिगत सहयोगीहरूका लागि निशुल्क टिकट
  - › यस्तो योजनाको विस्तृत विवरण दिनुहोस्

अपाङ्गता भएका व्यक्तिहरूका साथ आउने व्यक्तिगत सहयोगीहरूका लागि निशुल्क टिकट प्रदान गर्नु भनेको दिर्घकालिन स्वास्थ्य समस्या भएका वा अन्य गम्भिर प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूलाई तपाईंको कार्यक्रममा सहभागी हुन सहज बनाउनको लागि प्रदान गरिने अनुकुलताको उदाहरण हो । यहाँले यस्तो सुविधा प्रदान गर्नु अघि आवश्यक प्रमाणहरूको माग गर्न सक्नुहुन्छ । (जस्तैः अपाङ्गताको परिचय पत्र)

- पहुँचयुक्त अवलोकन स्थल वा क्षेत्रसम्म पुग्नका लागि पहुँचको अवस्था
  - › कार्यक्रम स्थलमा अवकोलनको लागि पहुँचयुक्त प्लेटफर्म वा क्षेत्र छूट्टाईएको छ वा छैन भनेर उल्लेख गर्नुहोस
  - › यदि छ भने त्यसतो प्लेटफर्म कार्यक्रम स्थलको कता पट्टि रहेको छ भनेर बताउनुहोस
  - › व्हिलचियर प्रयोग नगर्ने व्यक्तिहरू तथा व्यक्तिगत सहयोगीहरूका लागि कसरी बस्ने व्यवस्था मिलाईएको छ भन्ने जानकारी
  - › सबभन्दा नजिक रहेको पहुँचयुक्त शौचालयको दुरी उल्लेख गर्नुहोस्
  - › ग्राहकहरूले यो क्षेत्रमा कसरी पहुँच पाउन सक्छन् भन्ने जानकारी दिनुहोस् - जस्तैः के अग्रिम बुकिङ्ग गर्नु पर्ने हो?

यदि यस्तो प्लेटफर्म अपाङ्गता भएका व्यक्तिहरूको लागि छूट्टाईएको हो भने, उनीहरूका साथ उनीहरूको सहयोगी र उनीहरू सँगै आएका साथीहरूलाई पनि प्रवेश दिँदा राम्रो हुन्छ । तर यदि सानो ठाउँ छ र समुहलाई नै प्रवेश दिन सकिदैन भने पनि कम से कम एक जना अपाङ्गता भएका व्यक्ति सँग उसको एक जना साथीलाई प्रवेश दिनु पर्छ । अपाङ्ता भएका व्यक्तिहरूका लागि छुट्टाईएको स्थान अन्यले प्रयोग नगरून् भनेर सुनिश्चित गर्न चेक जाँच गर्न प्रकृया लागु गराउनुपर्छ ।

- पहुँचयुक्त पार्किङ्ग (यदि उपलब्ध भएमा)
  - › यदि कार्यक्रम स्थलका लागि नै भनेर छूट्टाईएको पहुँचयुक्त पार्किंग छ भने सो को जानकारी दिनुहोला
  - › यदि कार्यक्रम स्थलमा त्यसको पहुँचयुक्त पार्किङ्गको व्यवस्था छैन भने, नजिकमा रहेको कुनै पहुँचयुक्त पार्किङ्गको विवरण "यात्राको जानकारी"खण्डमा दिनुहोस् ।

ईच्छुक व्यक्तिहरूका लागि उपलब्ध सुविधा र तिनीहरूको प्रयोग गर्नका लागि निश्चित प्रकृया तोकियो भने, यसले आवेदनको बेलाको अनुभवलाई छरितो र सहज बनाउँछ । सबैजनालाई सुविधाहरू के के हुन् र तिनीहरूलाई बुक गर्नको लागि प्रकृया के हो भन्ने थाहा होस् भन्ने सुनिश्चित गर्नुहोस् ।

## ६. आवेदन कसरी दिने?

- प्रकृयाको बारेमा जानकारी
- यदि कुनै कागजात चाहिने भए, कुन ढाँचामा स्विकार गरिन्छ भन्ने जानकारी



ईच्छुक व्यक्तिहरूका लागि उपलब्ध सुविधा र तिनीहरूको प्रयोग गर्नका लागि निश्चित प्रकृया तोकियो भने, यसले आवेदनको बेलाको अनुभवलाई छरितो र सहज बनाउँछ । सबैजनालाई सुविधाहरू के के हुन् र तिनीहरूलाई बुक गर्नको लागि प्रकृया के हो भन्ने थाहा होस् भन्ने सुनिश्चित गर्नुहोस् ।

## ७. यात्राको जानकारी

- निम्न विषयहरूका बारेमा आवश्यक जानकारी दिनुहोलाः
  - › पहुँचयुक्त पार्किङ्ग
  - › दर्शकहरू ट्याक्सीमा आउँदा कता पट्टि उत्रिने
  - › नजिकको पहुँचयुक्त सार्वजनिक यातायात सेवा

कार्यक्रम स्थलबाट सबै भन्दा नजिक रहेको पहुँचयक्त पार्किङ्ग को जानकारी दिनुहोस् र सो सेवा प्रयोग गर्नको लागि कुनै नियम वा शर्तहरू भए उल्लेख गर्नुहोस । कार्यक्रम स्थल आसपास रहेका सबैभन्दा पहुँचुक्त ट्याक्सी रोक्ने ठाउँ वा नजिक रहेको सार्वजनिक यातायात को जानकारी र तिनीहरू सम्म पुग्ने मार्ग र दुरी उल्लेख गर्नुहोस ।

## ८. आगमन जानकारी

- कार्यक्रम स्थल (साईट) खुला हुने समय
  - › कार्यक्रम वा प्रस्तुति सँग सम्बन्धित सबै उपयोगी समय तालिका को विवरण दिनुहोस् जस्तैः कुन हल कति बेला खुल्छ, प्रस्तुतिहरू कति बेला सुरू हुन्छन् वा अन्य कार्यक्रम भए त्यसको पनि समय तालिका
- कार्यक्रम स्थलमा आगमन
  - › महोत्सवमा आईसकेपछि दर्शकहरूले के आशा गर्न सक्छन् भन्ने जानकारी दिनुहोस् - जस्तैः कसले उनीहरूलाई विभिन्न ठाउँसम्म पुर्याउँछ वा केहि प्रश्न भए कसलाई सोध्ने
  - › यदि कसैले आफ्नो पहुँचको आवश्कताकै क्रममा कार्यक्रम स्थलमा छिट्टै प्रवेशको माग गर्नुभएको छ भने (भिडमा जान नसक्ने हुनाले), त्यसको लागि कुन प्रवेश द्वार प्रयोग गर्ने
- टिकट वा प्रवेशका लागि मान्य अन्य सामाग्री जस्तै पास वा हाते ब्याण्ड संकलन
  - › प्रवेशद्वार बाट टिकट काउन्टर वा बक्स अफिस सम्म पुग्न सकिने पहुँचयुक्त बाटोको जानकारी दिनुहोस्
  - › पास वा हाते ब्याण्ड प्राप्त गर्ने दर्शकहरूले साथमा के के ल्याउनु पर्ने हो भन्ने जानकारी

ग्राहक (दर्शक)हरू कार्यक्रम स्थलमा आईसकेपछि अलमल मा पर्न सक्छन्, विशेषगरी यदि सहभागीताको लागि उनीहरूले पास वा अरू केहि लिनुपर्ने हो भने । त्यसकारण आवश्यक प्रकृयाहरूको बारेमा अग्रिम जानकारी दिनाले उनीहरूलाई सहज महशुस गराउनका साथै, महोत्सव आयोजक समक्ष आउने प्रत्यक्ष प्रश्नहरूलाई पनि कम गर्छ ।

## ९. शौचालय

- पहुँचयुक्त शौचालयको व्यवस्था बारे उल्लेख गर्नुहोस
- अपाङ्गता भएका व्यक्तिहरूको लागि छूट्टाईएको अवलोकन प्लेटफर्मबाट सबै भन्दा नजिकको पहुँचयुक्त शौचालयको दुरी र पुग्ने बाटोको जानकारी दिनुहोस्

अपाङ्गता भएका दर्शकहरूका लागी यसरी अवलोकन स्थान वा बस्ने ठाउँ छुट्याउँदा, पहुँचयुक्त शौचालय बाट सकेसम्म नजिक हुने गरी विचार गर्नुहोला भन्ने हाम्रो सुझाव छ । शौचालय भित्र रहेका सबै फिटिङ्गहरू जस्तै धारा, कमोड आदि, भवन निर्माणको आधाकारीक नियमअनुसार पहुँचयुक्त शौचालय भन्न मिल्ने गरी जडान भएका छन् भनेर सुनिश्चित गर्नुहोस् ।

## १०. स्वास्थ्य तथा सामाजिक सेवा

- कसैको स्वास्थ्य सम्बन्धी अवस्थाका कारण चाहिने औषधी, खाना वा पेय पदार्थ तथा अन्य स्वास्थ्य सम्बन्धी उपकरण कार्यक्रममा ल्याउन पाईन्छ भन्ने जानकारी दिनुहोस् ।
- यदि कसैको केहि प्रश्न वा जिज्ञाशा भएका तपाईँलाई सम्पर्क गर्न आह्वान गर्नुहोस्
- आपतकालिन अवस्थामा कसलाई सम्पर्क गर्ने वा कार्यक्रम स्थलमा रहेको कुन ठाउँमा जाने भन्ने उल्लेख गर्नुहोस्

सबै कर्मचारीहरूलाई यी नियम तथा प्रकृयाहरूको बारेमा अगाडी नै अभीमुखीकरण गराउने । कार्यक्रम स्थल वा सभाहलहरू यसरी तयार गर्नुपर्छ कि, कसैले चाहेमा आवश्यक स्वास्थ्य सामाग्रीहरू सजिलै उपयोग गर्न सकोस् । आफैले व्यस्थापन गर्न सक्ने अवस्था भएका दर्शकहरूलाई कार्यक्रम स्थलका कर्मचारीहरूले अनुचित ढङ्गमा प्रश्नहरू नसोधुन् कुरा महत्वपुर्ण हुन्छ । जस्तैः टाईप १ को डाईवेटिस भएको कसैले, कार्यक्रम स्थलमा ग्लुकोज पानी लान खोज्दा वा एलेर्जीद्वारा अकस्मात हुने अट्याकलाई व्यवस्थापन गर्न EPI-Pen लान खोज्दा, कर्मचारीहरूले नदिने अवस्था।

## ११. कार्यक्रमको पहुँचयुक्तता

- प्रस्तुतिलाई पहुँचयुक्त बनाउन केहि सुविधा दिईएको छ भने उल्लेख गर्नुहोस - जस्तैः ध्वनीलाई प्रस्ट पार्ने प्रकृयाहरू (हियरिङ्ग लुप्स, ईन्फ्रारेड सिस्टम), सांकेतिक भाषा, क्याप्सन, अडियो विवरण, विस्तारै गरिने प्रदर्शनहरू
- यदि यी सेवाहरू उपलब्ध छैन भने पनि यसपाली यी सुविधा छैनन् भनेर प्रस्टरूमा जानाकारी दिने

कार्यक्रम वा प्रस्तुतिहरूको पहुँचयुक्तता लागि लगानी गर्नु भनेको, सुनाई सम्बन्धी वा दृष्टि सम्बन्धी अपाङ्गता भएा दर्शकहरूले महोत्सवबाट सकेसम्म धेरै लाभ उठाउन सकुन् भन्नलाई हो।

## १२. सहयोगी कुकुरहरू

- नियम को जानकारी तथा यस्ता सहयोगी कुकुरहरूका लागि केहि सुविधा उपलब्ध भएमा जानकारी

यदि कोहि अपाङ्गता भएका दर्शकहरूले सहयोगी कुकुरहरूको प्रयोग गर्नुहुन्छ र आफ्नो सहयोगको लागी त्यसता जनावरहरूलाई महोत्सवमा ल्याउन चाहनुहुन्छ भने, त्यसो गर्न सक्नुहुन्छ भन्ने जानकारी दिनुहोस् ।

## १३. स्ट्रोब वा फ्याल्श लाईट

- महोत्सवमा यस्ता लाईटको प्रयोगका नियमहरू बारे जानकारी दिनुहोस्

हामी सम्पुर्ण महोत्सवका आयोजनकहरूलाई अनुरोध गर्न चाहन्छौँ कि आफ्नो महोत्सवमा यस्तो उच्च प्रकाश भएका वा बल्दै निभ्दै गर्ने फ्ल्याश लाईटहरूको प्रयोग नगर्नुहोस्, किनकी यिनीहरूको प्रयोगले केहि व्यक्तिहरूमा अचानक मिर्गीको आक्रमण हुन सक्छ । यदि त्यसो गर्न सक्नुहुन्न भने पनि, कमसेकम महोत्सवमा विभिन्न स्थानमा सो बारेमा जानकारी चाहिँ प्रदान गरिदिनुहोला ।



## १४. अन्य जानकारी

- महोत्सवले प्रदान गने अन्य उपयोगी जानकारीहरूको समावेश गर्नुहोस् - जस्तै विश्राम कोठा वा एकान्त कोठाको उपलब्धता (अटिजम भएका व्यक्तिहरूको लागी)

# आगामी बाटो

## आफ्नो टिममा छलफल गर्नुहोस

- महोत्सव र पहुँचयुक्तताको बारेमा छलफल गर्नको लागि समय तोक्नुहोस्
- महोत्सवको वेबसाईट चलाउने, ग्राहक सेवा प्रतिनिधि वा कार्यक्रम स्थलको व्यवस्थापन टोलीका सदस्यहरूलाई छलफलमा समावेश गर्नुहोस्
- यो पुस्तिकालाई छलफलको एजेन्डा बनाउन सकिन्छ

## महोत्सवको वेबसाईटमा पहुँच सम्बन्धी जानकारी दिने निर्धारित पृष्ठ बनाउनुहोस्

- यस पृष्ठलाई पहुँच सम्बन्धी जानकारी भनेर नाम दिन सकिन्छ। साथै अन्तराष्ट्रिय रूपमा नै प्रयोग गरीने व्हिलचियरको चिन्हलाई पनि सँलग्न गर्न सकिन्छ- जस्तैः ♿
- प्राय सोधिने प्रश्नहरूको लामो सुचीमा कतै यसलाई सँलग्न गर्नुको सट्टा, पहुँचको लागि छुट्टै पृष्ठ नै बनाउनुहोस् भन्ने हाम्रो सुझाव छ ।

Attitude is Everything लाई सम्पर्क गर्नका लागि, ईमेल पठाउनुहोस् :
info@attitudeiseverything.org.uk



# पहुँच अनलाईनबाट सुरू हुन्छ

attitude
is everything

ठेगाना: ५४ चाल्टन स्ट्रिट, लण्डन, एन् डब्लु १, १ हस् एस्
वेबसाईटः www.attitudeiseverything.org.uk
@attitudetweets
/attitudeiseverything
@attitudeiseverythinghq
फोन: +४४ ०२० ७३८३ ७९७९

कम्पनी दर्ता नम्बर ६३९७५३२ गैर नाफामुलक संस्था आवद्धता नंः ११२१९७५